# पूर्वाञ्चल विश्वविद्यालय
## चिकित्साशास्त्र संकाय
गोठगाउँ, मोरङ्ग


च.न.

मिति : २०८२/०९/१६

## भर्ना सम्बन्धी अत्यन्त जरुरी सूचना

चिकित्सा शिक्षा आयोगले मिति २०८२ /०९/१५ मा प्रकाशित गरेको चिकित्सा शिक्षा स्नातक तहको छात्रवृत्ति तर्फका दोस्रो चरणको म्याचिङ (Matching) तथा विद्यार्थी भर्ना सम्बन्धी सूचना अनुसार पूर्वाञ्चल विश्वविद्यालयको आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पस/कलेजहरुमा छात्रवृत्ति कोटाको सूची भित्र नाम रहेका विद्यार्थीहरुलाई मिति २०८२/०९/२१ गते भित्र पू.वि. चिकित्साशास्त्र संकाय, गोठगाउँ, मोरङ्गमा **स्वयम् उपस्थित** भई भर्ना हुन यो सूचना प्रकाशित गरिन्छ ।

**<u>स्थान</u>: पूर्वाञ्चल विश्वविद्यालय, चिकित्साशास्त्र संकाय, सुन्दरहरैंचा न.पा., गोठगाउँ, मोरङ्ग (सलकपुर खानेपानी आयोजनाबाट १०० मिटर पश्चिम)**

**भर्नासम्बन्धी मिति र समय तालिका:**

| मिति | समय |
|---|---|
| २०८२/०९/१८ | बिहान १० बजेदेखि ४ बजेसम्म |
| २०८२/०९/२० | बिहान १० बजेदेखि ४ बजेसम्म |
| २०८२/०९/२१ | बिहान १० बजेदेखि ४ बजेसम्म |

**<u>भर्ना सम्बन्धी नियमहरु:</u>**

१. चिकित्सा शिक्षा आयोगको एकीकृत प्रवेश परीक्षाबाट योग्यताक्रम निर्धारण पश्चात म्याचिङ (Matching) भई भर्नाको अवसर प्राप्त गर्ने उम्मेदवारहरुले भर्ना हुँदा दरखास्त फारमका साथ पेश गरेका सम्बन्धित कागजातका सक्कल र प्रमाणित प्रतिलिपि अनिवार्य पेश गर्नुपर्ने छ ।

२. भर्ना हुने विद्यार्थीले चिकित्सा शिक्षा आयोग र पूर्वाञ्चल विश्वविद्यालयको आचार संहिता र नियमावली पालना गर्नुपर्ने छ ।

३. राष्ट्रिय चिकित्साशास्त्र शिक्षा नियमावली २०७७ (दोस्रो संशोधन सहित) को नियम २२ उपनियम (१) सँग सम्बन्धित कबुलियतनामामा विद्यार्थी स्वयम्ले दस्तखत गर्नुपर्ने छ ।

**<u>भर्ना हुँदा पेश गर्नुपर्ने कागजातहरु:</u>**

- प्रवेशिका परीक्षा (एस.एल.सी./एस.ई.ई) को ट्रान्सक्रिप्ट, चारित्रिक प्रमाणपत्रको सक्कल तथा प्रतिलिपि ।
- १०+२ वा सो सरहको ट्रान्सक्रिप्ट, चारित्रिक प्रमाणपत्र र (Provisional/Original Certificate), समकक्षताको सक्कल तथा प्रतिलिपि ।
- प्रवेशपत्रको सक्कल तथा प्रतिलिपि ।
- नागरिकताको प्रमाणपत्रको सक्कल तथा प्रतिलिपि ।
- नियमानुसार लागुहुने अन्य कागजातहरु ।

फोन न : ०२१-४२५००९ फ्याक्स न: ९७७-२१-४२५००८ ईमेल : info@pufomas.edu.np, गोठगाउँ, मोरङ्ग

# पूर्वाञ्चल विश्वविद्यालय
## चिकित्साशास्त्र संकाय
### गोठगाउँ, मोरङ


नोट :

- कक्षा संचालन सम्वन्धि सूचना पछि प्रकाशन गरिनेछ ।
- शैक्षिक कार्यक्रमको सिट निर्धारण तथा भर्नाको नामावली सम्बन्धी विवरण mec.gov.np मा हेर्न सूचित गरिन्छ ।
- थप जानकारीका लागि ९८५२०६७७२७/९८६००९२५१३ (Whatsapp) मा कार्यालय समयभित्र सम्पर्क गर्न सकिने छ ।

संकाय रहेको स्थान हेर्नको लागि scan गर्नुहोस्


फोन न : ०२१-४२५००९ फ्याक्स न: ९७७-२१-४२५००८ ईमेल :info@pufomas.edu.np, गोठगाउँ, मोरङ